# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं, पौष १० गते २०१३ साल [ संख्या ३३

### कानून तथा संसदीय प्रबन्धमन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०१३ सालको ऐन नं. १४

## जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने बनेको ऐन

मालपोत प्रशासन सुदृढ र भूमि सुधारलाई सजिलो पार्न कृषिसम्बन्धी जग्गा र जग्गा कमाउनेकोलगत खडा गर्न आवश्यक परेकोले मन्त्रिमण्डलका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम बिस्तार र प्रारम्भः— [क]यो ऐनको नाम "—जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने ऐन, २०१३" रहेको छ।

[ख] यो ऐन नेपालभर मुलुकमा तुरुन्त लागू हुनेछ ।

. परिभाषाः— बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा।—

[क] "अपील सुन्ने अधिकारी" भन्नाले यस ऐनका प्रयोजनका लागि सरकारले कुनै जिल्लाको निमित्त अपील सुन्ने अधिकारको काम कर्तव्य गर्नेको लागि नियुक्त गरेको व्यक्तिलाई सम्झनुपर्छ।

[ख] "समिति" भन्नाले,दफा ५ बमोजिम खडा गरिएको समितिलाई सम्झनुपर्छ।

[ग] "पटवारी" भन्नाले कुनै एक्वा एकभन्दा बढी गाउँ मौजाका जग्गाको श्रेस्ता खडा गरी राख्न मुकरर भएको व्यक्ति र पटुवारीको प्रचलन नभएको पहाडी इलाकाका निमित्त जिल्ला बडाहाकिमले जिम्मावाल र तालुकदारहरू मध्येबाट एक गाउँको लागि मुकरर गरेको जिम्मावाल वा तालुकदार वा अरू नै कुनै व्यक्ति सम्झनुपर्छ।

[घ]•"गाउँ अथवा मौजा" भन्नाले, माल अड्डाको श्रेस्तामा खुलेको मेठबन्दीभित्रको गाउँ मौजा र मेठबन्दो नखुलेका वा सो विषय-मा झगडा वा शङ्का परेकोमा इलाका मालका हाकिमले तोकिदिएको इलाका सम्झनुपर्छ।

३. जग्गा र जग्गा कमाउनेको लगत खडा गर्नेः— [क] यस ऐनबमोजिम नेपाल भर मुलुकका प्रत्येक गाउँ अथवा मौजाको जग्गा र जग्गा कमाउनेको लगत खडा गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ख] सरकारले तोकिदिएको फारमको ढाँचाबमोजिम जग्गा र जग्गा कमाउनेको लगत खडा गरिनेछ र सो लगतमा देहायका कुराहरू पारिनेछः—

[१] जग्गा हक दावी तथा सरोकार भएको व्यक्ति;

[२] माथि उपदफा १ बमोजिमका व्यक्तिहरूको के कस्तो कतिसम्मको हक दावी सरोकार रहेछ सो र कुनै दायित्व र शर्त भएमा सोसमेत,

[३] त्यस्ता व्यक्तिलाई वा त्यस्ता व्यक्तिले दिनु वा लिनुपर्ने कुत वा तिरो भएमा सोसमेत,

[४] सरकारले आदेश जारी गरी तोकिदिएको अरू विवरणहरू।

४. जग्गा र जग्गा कमाउनेको लगत पटवारीले खडा गर्नु पर्नेः— [क] यो ऐन प्रारम्भ भएको मितिदेखि यस ऐनसम्बन्धी विषयमा प्रत्येक पटवारी माल अड्डाको हाकिमको मातहतको सरकारी कर्मचारीसरह हुनेछ।

तर निजले मालपोत तहसील गर्ने काममा मद्दत दिंदैरहनुपर्नेछ।

[ख] यो ऐनको रीत पुऱ्याई आफ्नो गाउँमा परेको जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने पटवारीको कर्तव्य हुनेछ।

५. गाउँ समितिहरूः— बडाहाकिमले आफ्ना जिल्लाभित्र परेको एक गाउँ वा एकभन्दा बढी गाउँहरूको लागि जग्गाधनीको एक, जग्गा कमाउनेको एक र दफा १६ अन्तर्गत बनेको नियमबमोजिम मनोनीत भएको प्रतिनिधिसमेत गरी जम्मा ३ सदस्य भएको एक गाउँ समितिको गठन गर्नेछ।

६. तयारी लगतको प्रकाशनः— एक गाउँको वा गाउँको एक भागको जग्गा र जग्गा कमाउनेको लगत पटवारीले तैयारी गरिसकेपछि गाउँ समितिले दफा १५ बमोजिम सो लगत सबैले देख्ने आम्दे सुझ्ने ठाउँहरूमा टास्नु वा प्रकाशित गर्नु पर्छ।

७. तयार गरिएको लगत गाउँ भा हुने सभामा पढी बाँची सुनाउनुपर्नेः—

[क] सारा गाउँको जग्गा र जग्गा कमाउनेको लगत तयार भई दफा ६ बमोजिम टाँस वा प्रकाशित भएपछि गाउँ समितिले भयाली पिटाएर त्यस गाउँको जग्गामा हक दावी गर्ने सबै व्यक्तिहरूलाई बोलाई एक सभा गर्नु पर्छ।

[ख] गाउँ समितिका प्रत्येक सदस्य र पटवारी सो सभामा उपस्थित हुनैपर्छ।

[ग] पटवारीले लगत दर्ता हुन आएको सबै कुरा सभामा पढेर सुनाउनुपर्छ।

[घ] लगत चढाएकोमा कुनै जग्गा र जग्गा कमाउनेको लगत अथवा विवरण त्यस सभामा कुनै व्यक्तिले बेठीक भनेमा पटवारीले कारणसहित निजको विरोधको उजुरी लिखित रूपमा लिनुपर्छ।

[ङ] गाउँ समितिले विरोधको उजुरी सम्बन्धमा सरजमीन बुझी निर्णय गर्नु पर्छ।

[च] पटवारीले उपदफा [घ] र [ङ] बमोजिम परेका प्रत्येक उजुरीमा तयार हुन आएका स्रेस्ता [रेकर्ड] माल अड्डाका हाकिमकहाँ पठाउने गर्नु पर्छ। ती उजुरीहरूमाथि ग्राम समितिले दिएको निर्णयउपर कुनै कारण परिबन्दले राय नमिलेमा मालका हाकिमले सो कुरा आदेशको निमित्त अपील सुन्ने अधिकारीकहाँ पेश गर्नु पर्छ।

[छ] गलत लगत चढाएको बारेमा पर्न आएको उजुरीहरूमा अपील सुन्ने अधिकारीको निर्णय अन्तिम हुनेछ। यस बाहेक अरूमा गाउँ समितिले उपदफा [ङ] बमोजिम दिएको निर्णय अन्तिम मानिनेछ।

[ज] गलत लगत चढाएको बारे पर्न आएको उजुरीहरू बाहेक अरू लगतहरू ठीक दुरुस्त छ भनी सभामा उपस्थित भएको प्रत्येक सरोकारवाला व्यक्तिले पटवारीले बनाएको कागजमा

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
362

सहिछाप गर्नुपर्छ। गाउँ समितिले सो कागज प्रमाणित गरी माल अड्डाको हाकिमकहाँ तुरुन्त पठाउनुपर्छ।

८. अपील:- [१] दफा ७ बमोजिम गाउँ समितिबाट तयार गरिएका लगतबाट कसैलाई मर्का परेमा निजले गाउँ समितिको निर्णय उपर अपील गर्न पाउनेछ।

[२] त्यस्तो अपील गाउँ समितिले जग्गाको लगत खडा गरी टाँस्दा प्रकाशित गरेको मितिले ३५ दिनभित्र अपील सुन्ने अधिकारीछेउ पेश गर्नु पर्छ।

[३] त्यस किसिमसँग पर्न आएका अपीलहरू अपील सुन्ने अधिकारीले हेरी किनारा लगाउनेछ र सो निर्णय अन्तिम छ।

९. लगतको अन्तिम टाँस वा प्रकाशन:— दफा ८ बमोजिम अपील सुन्ने अधिकारीले निर्णय गरेपछि पटवारीले उक्त निर्णयअनुसार मिलाई जग्गा र जग्गा कमाउनेको संशोधित लगत दफा १ मुताबिक फेरि टाँस अथवा प्रकाशन गर्नुपर्छ त्यस किसिमबाट टाँस अथवा प्रकाशन गरेको जग्गा र जग्गा कमाउनेको लगत अन्तिम हुनेछ।

१०. झुट्टा बयानहरू:— पटवारीलाई वा गाउँ समितिलाई वा अपील सुन्ने अधिकारीलाई झुक्याउन जग्गा र जग्गा कमाउनेको लगत तैयार गर्दा कसैले झुट्टा कुरा लेखेका अदालतले ठहराएमा निजलाई ६ महिना कैदको सजाय हुनेछ।

११. सम्बन्धित व्यक्तिहरू हाजिर गराउने बारेमा गाउँ समितिको अधिकार:—

(१) दफा १४ बमोजिम सूचना निकाली अथवा समन जारी गरी गाउँ समितिलाई जग्गाधनी मोही अथवा जग्गा जमीनका सरोकारवाला जुनसुकै व्यक्तिलाई पनि आफैं वा वारेसद्वारा हाजिर गराउन अधिकार हुनेछ र प्रमाणहरू कागजपत्र आदि र उनीहरूको साथमा रहेका अरू निस्सा भएमा सोसमेत मागेमा दिनु दिलाउनु र दाखिल गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मुनासीबमाफिकको कारण नदेखाई उपदफा १ बमोजिम गाउँ समितिले अन्हाएबमोजिम नगरेको अदालतले ठह-राएमा ६ महिनासम्म कैदैको सजाय हुनेछ ।

१२. अग्गावाला र अरूहरूले समेत गाउँ समितिलाई सहयोग दिनुपर्नेः—

[क] गाउँका अग्गावालाहरू र अरू सरोकारवालाहरूले पटवारीलाई अग्गाको नापी गर्दा वा किसिम खुलाउँदा चाहिने सहयोग दिनुपर्नेछ ।

[ख] मनासिबमाफिकको कारण नभई कुनै व्यक्तिले आफ्नो सरोकारको जग्गाको नापी हुँदा दिएको सूचनाबमोजिम नगरेको अदालतले ठहराएमा रू१०० सम्म जरीवाना हुनेछ।

१३. बाधा अडकाउ गरेमा सजायः— यो ऐन र यस अन्तर्गत बनेका नियमहरू बमोजिम पटवारी अथवा गाउँ समितिले कर्तव्य पालन गर्दा कुनै व्यक्तिले बाधा विरोध गरेका अदालतले ठहराएमा १ वर्षसम्म कैद वा मोरु १००० सम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

तर बाधा विरोध गर्ने पटवारी वा गाउँ समितिका सदस्य, जमीन्दार, बिर्तावार, अग्गा कमाउने आदि व्यक्तिहरू रहेछन् भने निजहरूलाई १वर्ष कैदैको सजाय हुनेछ ।

स्पष्टीकरणः- पटवारी अथवा गाउँ समितिको सदस्यले मनासीब कारण नभई यो ऐन र यस अन्तर्गत बनेका नियम र आदेशहरूबमोजिम आफूले गर्नुपर्ने काम कर्तव्य नगरेमा निजले बाधा अडकाउ गरेको सम्झिइनेछ ।

१४. अधिकारक्षेत्रः- बडाहाकिम वा निजले अख्तियार दिएको कुनै व्यक्तिले उजुर नगरी यो ऐनबमोजिम कुनै कसुरको निमित्त कुनै अदालतमा मुद्दा दायर हुन सक्दैन ।

१५. प्रकाशनको तरिकाः— यो ऐनबमोजिम खडा भएको जग्गा र जग्गा कमाउनेको लगतमा चढेको सबै कुराहरू झ्याली पिटाई सबैलाई सुनाउनुपर्छ ।

१६. सरकारको नियमहरू बनाउने अधिकार :— यो ऐनको उद्देश्य पूरा गर्न सरकारले नियमहरू बनाउन सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६४

१७. <u>बाधा अड्काउ छुटाउने अधिकार :—</u> यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सरकारले ती बाधा अड्काउ फुकाउनको लागी गजेटमा प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो हरएक आदेश यसै ऐनमा परेसरह मानिनेछ।

लालमोहर सदर मिति २०१३ साल मार्ग ५ गते ४ रोज शुभम् — —

आज्ञाले—
नयनबहादुर खत्रीछेत्री,
सेक्रेटरी–कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।